मध्यविन्दु नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ७ मितिः २०८०/१०/१४

## भाग-२
## मध्यविन्दु नगरपालिका

## खुसी शुक्रवार (HAPPY FRIDAY) कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१०/१४
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०८०/१०/१४
राजपत्रमा प्रकाशित मितिः २०८०/१०/१४

**प्रस्तावनाः**

नेपालको संविधानले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी क्षेत्र अन्तर्गग २३ औं क्षेत्रमा 'अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन' भन्ने विषय समावेश भएको हुँदा सोहि वमोजिम मध्यविन्दु नगरपालिकाले विद्यालयस्तरमा सबै विद्यार्थीहरुलाई पाठ्यक्रमले तोकेको क्षेत्र र विषयवस्तुको शिक्षण तथा शिक्षण सिकाइ क्रियाकलापको साथसाथै शारीरिक रुपमा स्वस्थ, सिपयुक्त, सिर्जनशील, श्रमप्रति सम्मान गर्ने र स्वावलम्बी तथा आयआर्जनप्रति आकर्षित बनाउन साथै उल्लिखित कार्यक्रमलाई पाठ्यक्रमले निर्दिष्ट गरेको मूल्यांकन पद्दति अन्तरगतको आन्तरिक मूल्यांकनसँग पनि जोड्दै Happy Friday कार्यक्रम संचालन गर्न मध्यविन्दु नगरपालिका शिक्षा ऐन-२०७८ को दफा ४३ (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

मध्यविन्दु नगरपालिका

## परिच्छेद - १

## प्रारम्भ तथा परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम 'खुसी शुक्रवार (Happy Friday) कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि - २०८०' रहेको छ।

१.२ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात लागू हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. 'ऐन' भन्नाले मध्यविन्दु नगरपालिकाको शिक्षा ऐन २०७८ सम्झनुपर्दछ।

२. 'नगरकार्यपालिका ' भन्नाले मध्यविन्दु नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

३. 'नगर शिक्षा समिति 'भन्नाले मध्यविन्दु नगर शिक्षा ऐन, २०७८ बमोजिम गठित मध्यविन्दु नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

४. 'वडा शिक्षा समिति' भन्नाले मध्यविन्दु नगर शिक्षा ऐन, २०७८ बमोजिम गठित प्रत्येक वडामा गठित वडा शिक्षा समितिलाई सम्झनु पर्दछ।

५. 'महाशाखा ' भन्नाले मध्यविन्दु नगरपालिका शिक्षा,युवा तथा खेलकुद महाशाखा सम्झनु पर्दछ।

६. 'विद्यालय व्यवस्थापन समिति' भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

७. 'सामुदायिक विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति विद्यालय सम्झनुपर्दछ।

८. 'संस्थागत विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ।

९. 'व्यवस्थापन तथा अनुगमन समिति' भन्नाले दफा ३.१ वमोजिम गठित मध्यविन्दु नगरपालिकास्तरीय 'खुसी शुक्रवार कार्यक्रम' व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्दछ।

१०.'उपसमिति' भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयस्तरीय खुसी शुक्रवार कार्यक्रम व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन उपसमिति सम्झनुपर्दछ।

मध्यविन्दु नगरपालिका

## परिच्छेद -२
## उद्देश्य, अपेक्षा तथा बजेट सीमा

**२.१. उद्देश्य :-** यो कार्यक्रमको उद्देश्य यस प्रकार रहेको छ।

(क) मध्यविन्दु नगरपालिका अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहमा पाठ्यक्रमले तोकेका विषयवस्तुको साथसाथै विद्यार्थीहरुको सर्वाङ्गीण विकास गर्न थप सृजनशील, सिपयुक्त र शारीरिक रुपमा स्वस्थ बनाउनु,

(ख) सबै विद्यार्थी तथा शिक्षकहरुलाई थप जिम्मेवार, खोजमूलक बनाई हप्ताको एकपटक विविध कार्यक्रम संचालन गरी अन्य विषयको सिकाई उपलब्धि अभिवृद्धिमा समेत टेवा पुर्याउनु,

(ग) मध्यविन्दु नगरपालिकाअन्तर्गतका सबै विद्यालयमा 'विद्यार्थीलाई माटो चिनाऔं' कार्यक्रममार्फत कृषि तथा आयआर्जनतर्फ आकर्षित गराउनु,

(घ) बालबालिकाहरुको अन्तरनिहित सक्षमता पहिचान गर्दै स्वावलम्बनतर्फ उन्मुख गराउनु।

**२.२ अपेक्षित उपलब्धि :-** यो कार्यविधि स्वीकृत भई लागू भएपश्चात तपसिलमा उल्लेखित उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

(क) मध्यविन्दु नगरपालिकाअन्तरगतका सबै सामुदायिक तथा संस्थागत विद्यालयका सबै विद्यार्थीहरु हरेक शुक्रवार विद्यालयको वार्षिक कार्ययोजनाअनुसार फरक फरक सिर्जनात्मक कार्यक्रममा सहभागी हुने अवसर प्राप्त हुने,

(ख) अतिरिक्त क्रियाकलापमा सहभागी भएपश्चात विद्यार्थीहरुमा थप स्फूर्ति बढ्न गई अन्य विषयको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नका लागि उत्प्रेरणा प्राप्त हुने।

(ग) विद्यार्थीहरुमा मेलमिलाप, समूहमा काम गर्ने बानी, प्रतिस्पर्धी, सिर्जनशीलता, सामाजिक भावना, आयआर्जन तर्फको आकर्षणजस्ता आचरणमा सुधार हुने।

(घ) बालबालिकाको अन्तरनिहित सक्षमता पहिचान भइ स्वावलम्बनतर्फ उन्मुख हुने।

## परिच्छेद -३
## व्यवस्थापन तथा अनुगमन समिति

३.१ खुसी शुक्रवार कार्यक्रम संचालन, व्यवस्थापन तथा अनुगमन गर्नको लागि नगरपालिकास्तरीय देहाय बमोजिमको एक व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| क) नगर प्रमुख | -संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ग) शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख वा प्रमुखले तोकेको अधिकृत | -सदस्य |

घ)सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट
कम्तिमा १ जना महिला पर्नेगरी नगर शिक्षा समितिद्वारा मनोनित ३ जना -सदस्य
ङ) पाठ्यक्रम अध्ययन तथा अनुसन्धान केन्द्रले तोकेको १ जना -सदस्य
च) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित १ जना-सदस्य
छ) वडा शिक्षा समितिका संयोजकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य
ज) नगर बाल संजालको अध्यक्ष १ जना -पदेन सदस्य
झ) शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुखले तोकेको महाशाखाको कर्मचारी -सदस्य सचिव

३.२ यस समितिको वैठकमा आवश्यकताअनुसार विज्ञलाइ आमन्त्रण गर्न सकिनेछ।

३.३ यो समितिको पदावधि ३ वर्षको हुनेछ।

३.४ यो समितिको वैठक वर्षमा कम्तिमा ४ पटक बस्नेछ।

३.५ यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

क) सम्पूर्ण विद्यालयले कार्ययोजना निर्माण गरी वडा शिक्षा समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन गर्ने,
ख) खुसी शुक्रवार कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्ने,
ग) विद्यालयहरुका लागि कार्यक्रम संचालनको क्रममा आवश्यक प्राविधिक सहयोग गर्ने,
घ) 'विद्यार्थीलाई माटो चिनाऔ' कार्यक्रम संचालनका लागि आवश्यक सहजीकरण गर्ने,
ङ) विद्यालयका लागि कार्यक्रम संचालनका क्रममा आवश्यक पर्ने प्राविधिक / विज्ञ छनौट गरी परिचालन गर्ने

## परिच्छेद -४
## विद्यालयस्तरीय कार्यक्रम संचालन तथा व्यवस्थापन उपसमिति

४.१ खुसी शुक्रवार कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नको लागी विद्यालयस्तरीय देहाय बमोजिमको एक संचालन तथा व्यवस्थापन उपसमिति रहनेछ।

क) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -संयोजक
ख) विद्यालय व्यवस्थापन समितिको सदस्य मध्येबाट वि.व्य.स ले मनोनित १ जना -सदस्य
ग) विद्यालयस्तरीय खुसी पाठ्यक्रम स्रोत शिक्षक -सदस्य
घ) शिक्षक अभिभावक संघको अध्यक्ष वा शिक्षक अभिभावक संघबाट मनोनित १ जना -सदस्य
ङ) विद्यालयस्तरका विभिन्न क्लब मध्येबाट एक जना छात्रा पर्ने गरी २ जना -सदस्य
च) अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक -सदस्य सचिव

४.२ यस समितिको वैठकमा आवश्यकताअनुसार सेवा क्षेत्रभित्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

४.३ यो समितिको पदावधि ३ वर्षको हुनेछ।

४.४ यो समितिको वैठक वर्षमा कम्तिमा ६ पटक बस्नेछ।

४.५ यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) खुसी शुक्रवार कार्यक्रम संचालनका लागि वार्षिक कार्ययोजना निर्माण गरी वडा शिक्षा समितिबाट स्वीकृत गराउने

(ख) खुसी शुक्रवार कार्यक्रम संचालनको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने,

(ग) कार्यक्रम संचालनको क्रममा विद्यार्थी, शिक्षक र अभिभावक परिचालन गर्ने,

(घ) ‘विद्यार्थीलाई माटो चिनाऔं’ कार्यक्रम संचालनका लागि उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गर्ने र थप आवश्यक भएमा स्रोतको खोजी गरी परिचालन गर्ने,

(ङ) खुसी शुक्रवार कार्यक्रमको हरेक दुई महिनामा समीक्षा गरी प्रगति प्रतिवेदन वडा शिक्षा समिति र नगरस्तरीय व्यवस्थापन तथा अनुगमन समितिमा पेश गर्ने।

## परिच्छेद -५
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

**५.१ कार्यक्रम कार्यान्वयन प्रक्रिया :-**

मध्यविन्दु नगरपालिकाअन्तरगतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले ‘खुसी शुक्रवार ‘ (Happy Friday) कार्यक्रम संचालन गर्दा निम्नानुसारका प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

(क) यस कार्यविधि वमोजिम सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले उपसमिति गठन गरी वार्षिक कार्ययोजना तयार गर्ने ।

(ख) विद्यालय स्तरमा संचालन गरिने अनुसूची-१ वमोजिमको ढाँचामा अतिरिक्त तथा सिर्जनात्मक कार्यक्रमका लागि योजना तयार गरी वडा शिक्षा समितिबाट स्वीकृत गर्ने,

(ग) वडा शिक्षा समितिले विद्यालयहरुले पेश गरेको कार्ययोजनाको अध्ययन गरी बजेट लाग्ने कार्यक्रमका लागि बजेटको व्यवस्थापन गर्ने र थप बजेटका लागि नगरपालिकास्तरीय ‘खुसी शुक्रवार कार्यक्रम’ व्यवस्थापन तथा अनुगमन समितिमा सिफारिस गर्ने,

(घ) बिना बजेट संचालन गर्न सकिने र बजेट लाग्ने कार्यक्रमहरुको स्वीकृतिपश्चात् हरेक शुक्रवार फरक फरक विधा समेटिने गरी कार्यक्रम संचालन गर्ने ,

(ङ) ‘खुसी शुक्रवार ‘ कार्यक्रमका लागि क्रियाकलापहरु छनौट गर्दा अनुसूची-२ मा उल्लेख भएका नमुना कार्यक्रम तथा थप कार्यक्रम आवश्यकताअनुसार छनौट गरी संचालन गर्ने,

(च) ‘खुसी शुक्रवार’ कार्यक्रममा आधारभूत तथा माध्यमिक तहका सबै विद्यार्थीहरुको **रुचि समूह** अनुसार पालैपालो सहभागी हुने अवसर प्रदान गर्ने,

मध्यविन्दु नगरपालिका

*(स्पष्टीकरण: रुचि समूह भन्नाले विद्यार्थीहरुको रुचि, चाहाना, क्षमता, स्तर आदिको पहिचान गरी विद्यालयमा बनाइएको फरक फरक समूह लाई बुझाउँदछ)*

(छ) संचालन गरिएका कार्यक्रमको अभिलेखीकरण गर्ने तथा कार्यक्रम सम्पन्न प्रतिवेदन तोकिएको समयभित्र सम्बन्धित निकायमा पेश गर्ने,

(ज) विद्यालय तहको राष्ट्रिय शिक्षा पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिष्ट गरेको विषयगत पाठ्यभार तथा कार्यघण्टामा असर नपर्ने गरी पाठ्यक्रमले तोकेका विषयगत सिकाई उपलब्धि तथा सक्षमता पूरा गर्न 'बुक फ्री' तर सहयोगी क्रियाकलापको रुपमा संचालन गर्नुपर्ने छ ।

## परिच्छेद -६
## कार्यक्रमको अनुगमन, मुल्यांकन र पृष्ठपोषण

**६.१.** खुसी शुक्रवार' कार्यक्रमको अनुगमन विद्यालयस्तरमा विद्यालयस्तरीय उपसमिति, वडा स्तरमा वडा शिक्षा समिति, नगरस्तरीय व्यवस्थापन तथा अनुगमन समिति तथा नगरपालिकाले तोकेको व्यक्ति वा निकायबाट अनुगमन गरिनेछ। अनुगमन प्रतिवेदन अनुसूची-३ बमोजिम तयार गरी पेश गर्नुपर्नेछ।

## परिच्छेद -७
## बजेट तथा कोष परिचालन

**७.१ बजेट र सीमा :-**मध्यविन्दु नगरपालिकाको नगर सभाबाट स्वीकृत गरी उक्त कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था र खर्च गर्ने आधार निर्धारण गरिनेछ । प्रत्येक शैक्षिक सत्रमा सामुदायिक विद्यालयको कार्ययोजनाअनुसार तय गरिएका बजेट लाग्ने कार्यक्रमका लागि तोकिएको मापदण्डमा रही सम्बन्धित वडा शिक्षा समितिको सिफारिसमा वडाको वार्षिक बजेटमा व्यवस्था गर्नुपर्नेछ ।

७.२ थप बजेट आवश्यक भएमा वडा शिक्षा समितिको सिफारिसमा शिक्षा, युवा तथा खेलकुद महाशाखाले कार्यक्रम अध्ययन गरी आवश्यक बजेटको लागि नगरस्तरीय समितिमा सिफारिस गर्ने छ । बजेट नलाग्ने कार्यक्रमहरु सामुदायिक तथा संस्थागत विद्यालयहरुले नियमित रुपमा संचालन गर्नेछन ।

७.३ विद्यालयलाई आत्मनिर्भर बनाइ निरन्तर कार्यक्रम संचालन गर्न आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्न विद्यालयस्तरमा **खुसी शुक्रवार संचालन कोष** को स्थापना गर्नुपर्ने छ ।

७.४ यस कोषमा कार्यक्रम संचालन गर्दा भएको आम्दानी, विभिन्न व्यक्ति तथा समुदायको सहयोग र नगरपालिका वा अन्य निकायको अनुदान रकम जम्मा गर्न सकिनेछ। प्रत्येक विद्यालयले कोषको हिसाब अलग्गै देखिने गरी राख्नुपर्नेछ।

## परिच्छेद -८

## बाधा अड्काउ फुकाउ तथा खारेजी र बचाउ

**८.१** यो कार्यविधि कार्यान्वयनमा कुनै द्विविधा वा बाधा अड्काउ पर्न आएमा नगरकार्यपालिकाले बाधा, अड्काउ फुकाउन आवश्यक परिमार्जिन र निर्णय गर्न सक्नेछ ।

मध्यविन्दु नगरपालिका

**अनुसूची-१**

**दफा ५ को ५.१ (ख) संग सम्बन्धित**

**विद्यालयले तयार पार्ने बार्षिक कार्ययोजनाको नमुना**

शैक्षिक सत्र २०८०

विद्यालयको नाम:

ठेगाना :

फोकल पर्सनको नाम :

| क्र.स. | कार्यक्रमको शीर्षक | लक्ष्य /पटक | | कार्यक्रम संचालन मिति | कार्यक्रम संचालन प्रक्रिया | जिम्मेवार व्यक्ति वा निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|---|---|---|
| | | पटक | बजेट | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

पेश गर्ने स्वीकृत गर्ने

मध्यबिन्दु नगरपालिका

## अनुसूची-२

### कार्यविधिको परिच्छेद ५ को ५.१ (ङ) संग सम्बन्धित

**'खुसी शुक्रवार' कार्यक्रम संचालनका लागि सम्भावित नमुना कार्यक्रमहरु :-**

क)शारीरिक विकास हुने

योग, खेलकुद आदि

ख)बौद्धिक विकास हुने

विषयगत हाजिरी जवाफ, वक्तृत्वकला प्रतियोगिता, साथी सिकाई क्रियाकलाप, विषयगत क्लबमार्फत सिर्जनात्मक र सहक्रियाकलप (कथा, कविता लेखन कार्य), परियोजना कार्य, मामला अध्ययन, निबन्धलेखन प्रतियोगिता, विषयगत सिकाइ सामाग्री निर्माण, संकलन तथा प्रदर्शन, कक्षाकोठा व्यवस्थापन, खुसी पाठ्यक्रमको अभिव्यक्ति आदि ।

ग)सामाजिक विकास हुने

क्षेत्र भ्रमण / प्रतिवेदन लेखन, विद्यालय हाता, कक्षाकोठा तथा सेवा क्षेत्र सरसफाई, समुदाय सचेतना कार्यक्रम ( घरदैलो, अभिभावक भेटघाट ), आमा समूह, गायन, नृत्य, सडक नाटक, सचेतना र्‍याली, तथ्यांक संकलन ( माध्यमिक तहका विद्यार्थीका लागि ), नेतृत्व विकास सम्बन्धि कार्यक्रम, तालिम, भेला आदि ।

घ)विविध / आयआर्जन तथा सिपसंग सम्बन्धित

हरित विद्यालय, कृषिखेती, विद्यालयमा गरिने अन्य कृषिकार्य (विद्यालय करेशावारी, तरकारी खेती, बालउद्यान, वृक्षारोपण, फुलबारी), जडीबुटी पहिचान तथा प्रवर्धन, हस्तकला, मूर्तिकला, रंगरोगन, काष्ठकला, डोको, नाम्लो, डोरी बुन्ने, दुनाटपरी लगाउने, कपाल काट्ने, प्लम्बिङ्ग, वायरिङ्ग, बत्ती कात्ने, पाक शिक्षा, घरायसी सिप आदि ।

पुनश्च: उल्लिखित कार्यक्रमहरु नमुनाको लागि मात्र हुन्, विद्यालयहरुले विद्यालयको अवस्था र आवश्यकताअनुसार अन्य कार्यक्रमसमेत छनौट गरी कार्ययोजनामा समावेश गर्नुपर्ने छ ।

**अनुसूची-३**
**दफा ६.१ सँग सम्बन्धित**
**अनुगमन प्रतिवेदनको नमुना**

अनुगमन गरिएको विद्यालय र ठेगाना:

अनुगमन मिति :

अनुगमन गर्ने व्यक्ति /निकाय :

| क्र.स. | कार्यक्रमको शीर्षक | लक्ष्य | प्रगति | उपलब्धि | सकारात्मक पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निष्कर्ष :

अनुगमनकर्ताहरु :

१.

२.

आज्ञाले,
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत

मध्यविन्दु नगरपालिका